# मधेश प्रदेश सभा सचिवालय

## जनकपुरधाम, धनुषा

## सूचना

मितिः २०८२।०८।०४

विषयः मधेश प्रदेश सभा सदस्य पद पुनर्स्थापन सम्बन्धमा।

उपरोक्त सम्वन्धमा यस सचिवालयद्वारा मिति २०८२।०७।२७ गते पद रिक्तको जानकारी सम्बन्धमा सूचना प्रकाशित भई तपशिलमा उल्लेखित माननीय सदस्यहरु नेपालको संविधानको धारा १८० (घ) बमोजिम प्रदेश सभामा लगातार १० (दश) वटा बैठकमा अनुपस्थित रहेको भनि मिति २०८२।०७।२७ गते देखि प्रदेश सभा सदस्यबाट पद मुक्त भएको हुँदा निजहरुको प्रदेश सभा सदस्य पद रिक्त भएको बेहोरा प्रदेश सभा कार्य संचालन नियमावली, २०७५ को नियम १८५ बमोजिम जानकारीको लागि सूचना प्रकाशित गरिएकोमा उक्त सूचना प्रदेश सभासचिव श्री बासु प्रसाद कोइरालालाई मिति २०८२।०८।०३ गते पदमुक्त हुनु भएका सभामुख श्री रामचन्द्र मण्डलको निर्देशनमा जारी गरेको हो । तसर्थ, उक्त सूचना बमोजिम तपशिलमा उल्लेखित माननीय सदस्यहरुले नेपालको संविधानको धारा १८० (घ) उल्लङ्घन हुने गरि लगातार १० (दश) वटा बैठकमा अनुपस्थित रहेको भन्ने तथ्य प्रमाणित गर्न सक्ने आधार नरहेकोहुँदा उक्त सूचना कार्यान्वयन नहुने गरी निज सदस्यहरुको पद स्वतः पुनर्स्थापित भएको जानकारीको लागि सम्बन्धित सवैको लागि यो सूचना प्रकाशित गरिएको छ।

बासु प्रसाद कोइराला
प्रदेश सभा सचिव

तपशिलः

१. माननीय उर्मिला देवी सिंह, सर्लाही।
२. माननीय मनिष कुमार सुमन, सप्तरी।
३. माननीय संजय कुमार यादव, सर्लाही ३(२)।
४. माननीय सिंगासन सा कलवार, सर्लाही ४(२)।
५. माननीय सारदा शंकर प्रसाद कलवार, बारा २(१)।